लुम्बिनी प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

राप्ती उपत्यका (देउखुरी), नेपाल

च नः २३६

प सः २०८१।०८२

मितिः २०८१।०५।१७

श्री सबै मन्त्रालय/ निकाय

लुम्बिनी प्रदेश।

**विषयः रमाना सम्बन्धमा।**

प्रस्तुत सम्बन्धमा प्रदेश निजामती सेवा ऐन २०८० को दफा २५ को अधिनमा रही यस कार्यालयले मिति २०८१ साउन २१ गते प्रमुख सचिवस्तरीय निर्णयबाट कर्मचारीहरुलाइ प्रदेश भित्र सरुवा तथा कामकाजमा खटाइएको ब्यहोरा बिदितै छ। ऐनको दफा २५ को उपदफा (९) मा यसरी सरुवा हुने कर्मचारी बाटोको म्याद बाहेक पन्ध्र दिन भित्र बरबुझारथ गरी खटाइएको कार्यालयमा हाजिर हुन जानु पर्ने ब्यबस्था रहेको छ साथै ऐ. ऐनको उपदफा (११) मा खटाइए बमोजिम हाजिर हुन नजाने वा रमाना नदिने कर्मचारीलाइ बिभागीय कारवाही गरिने ब्यबस्था बमोजिम हालसम्म पनि कतिपय मन्त्रालय, सचिवालय, निर्देशनालय तथा कार्यालयहरुबाट कर्मचारीहरु रमाना लिइ खटाइएको निकायमा नगएको भन्ने बुझिएको हुँदा अबिलम्ब रमाना लिनु/दिनु हुन यस कार्यालयको मिति २०८१ भदौ १७ गतेको (सचिवस्तरीय) निर्णय बमोजिम अनुरोध छ।

२०८१।५।१७

(संजय ज्ञवाली)

वरिष्ठ शाखा अधिकृत